**कोरोना भाइरस सङ्क्रमणसम्बन्धी सुदूरपश्चिम प्रदेशको अवस्था**
**कैलाली । ०७७ वैशाख १२ गते**
सुदूरपश्चिम प्रदेश अन्तर्गत कोरोना भाइरस सङ्क्रमणको रोकथाम तथा नियन्त्रणका लागि स्थानीय तहबाट भइरहेका प्रयास र समस्याका सम्बन्धमा इन्सेक जिल्ला प्रतिनिधिहरूले वैशाख १२ गते पठाउनु भएको सूचनाका आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक अछाम जिल्ला प्रतिनिधि शिवराज ढुङ्गानाका अनुसार** कमलबजार नगरपालिकाले पहिलो चरणमा १० ओटै वडामा दैनिक ज्यालादारी, विपन्न, अपाङ्ग, गरिब, टुहुरा, जेष्ठ नागरिक, एकल र अशक्त व्यक्ति छनौट गरेर खाद्यन्न राहत वितरण वैशाख १२ बाट शुरु गरेको छ । नगरमा रहेका सबै वडाका ४ सय ३४ व्यक्ति छनौट गरेर वडा नम्बर १, २, ६, ७, ८, ९ र १० वडामा खाद्यन्न राहत वितरण गरिएको नगर उपप्रमुख भूमिशरण ढकाल बजगाईले जानकारी दिनुभयो । राहत वितरणमा छनौटमा परेका घरपरिवारलाई एक जनाको परिवारलाई १५ किलो चामल, एक किलो दाल, एक साबुन, एक प्याकेट तेल र नुन वितरण गरिएको बताइएको छ । दुईभन्दा बढी सदस्य भएको परिवारमा ३० किलो चामल, तीन किलो दाल, दुई लिटर तेल र एक पोका नुन दिइने गरिएको उपप्रमुख ढकालको भनाइ छ । सङ्घीय र प्रदेश सरकारको राहत वितरण मापदण्ड अनुसार वडा अध्यक्षले नामावली सङ्कलन गरेर खाद्यन्न सामग्री वितरण गरिएको नगरपालिकाले जानकारी दिएको छ ।
आरडिटी परीक्षणका क्रममा एन्टिबडी पोजेटिभ देखिएका अछामका २० वर्षीया युवती र ६० वर्षीय वृद्धाको थ्रोट स्वाब नमूना परीक्षणको रिपोर्ट वैशाख १२ गते नेगेटिभ आएको छ । बयलपाटा अस्पतालबाट दुबैको स्वाब सङ्कलन गरेर वैशाख ९ गते प्रदेश जनस्वास्थ्य प्रयोगशाला, धनगढीमा पठाइएकोमा परीक्षणपछि नेगेटिभ रिपोर्ट आएको अस्पतालका स्वास्थ्य सेवा निर्देशक डा.विकास गौचनले जानकारी दिनुभयो । एन्टिबडी पोजेटिभ देखिएकालाई आइसोलेसनमा भर्ना गरिएकोमा कोरोना नदेखिएपछि घर पठाउने तयारी भइरहेको डा. गौचनको भनाइ छ । जिल्लामा हालसम्म ६ सय ७५ जनाको आरडिटी परीक्षण गरिएको छ भने २ सय ५३ जनाको थ्रोट स्वाब सङ्कलन गरेर पीसिआर परीक्षण गरिएको जिल्ला स्वास्थ्य कार्यालय, अछामका सूचना अधिकारी देव जोशीले जानकारी दिनुभयो । रोजगारीको क्रममा भारत लगायत देशबाहिर रहेका ४ हजार भन्दा बढि व्यक्ति घर फर्केका छन् ।
लकडाउन पालना गराउन अग्रमोर्चामा रहने सुरक्षाकर्मीहरु कोरोना सङ्क्रमणको उच्च जोखिममा रहेको भन्दै उनीहरुको सुरक्षाका लागि अछाम जेसीजले मास्क, स्यानिटाइजर, पन्जा सहयोग गरेको छ । जेसीजले आफ्ना सदस्यबाट रकम सङ्कलन गरेर १ हजार २ सय थान सर्जिकल मास्क, १७ स्यानिटाइजर, १ सय पन्जा गरेर ४० हजार बराबरको सामग्री अछाम प्रहरी प्रमुख दीपक भारतीलाई हस्तान्तरण गरिएको अध्यक्ष तुलाराम विसीले जानकारी दिनुभयो ।

**इन्सेक कैलाली जिल्ला प्रतिनिधि मैनामोती चौधरीका अनुसार** भारतलगायत अन्य मुलुकबाट आएका गौरीगंगा नगरपालिकाका २ सय ८३ जनाको  र्‍यापिड डाइग्नोस्टिक टेस्ट(आरडिटी) रिपोर्ट नेगेटिभ आएको छ । नगरपालिकाको वडा नम्बर २, ५, ६, ७, ९ र ११ मा बसोबास गरिरहेका २ सय ८३ जनाको चैत २८ गतेदेखि आरडिटी चेकजाँच  सुरु गरिएकोमा सबै जनाको रिपोर्ट नेगेटिभ आएको प्राथमिक स्वास्थ्य केन्द्र, चौमालाका डा. फुलराम चौधरीले बताउनु भयो  । भारत र अन्य मुलुकबाट नगरभित्र आएका सबै जनाको आरडिटी चेकजाँच  गर्ने डा. चौधरीको भनाइ छ ।

**इन्सेक कञ्चनपुर जिल्ला प्रतिनिधि कोमलनिरञ्जन भाटका अनुसार** भीमदत्त नगरपालिका-७ र १८ का दुई जनामा आरडिटी रिपोर्ट पोजेटिभ देखाएको स्वास्थ्य कार्यालय ,कञ्चनपुरका मेडिकल सुपरभाइजर नारद भट्टले बताउन भयो । स्वास्थ्य कार्यालयका अनुसार  जिमुवा प्रहरी चौकीका एक प्रहरी जवान र भीमदत्त नगरपालिकाका कर्मचारीको आरडिटी रिपोर्ट पोजेटिभ आएको छ । आरडिटी रिपोर्ट पोजेटिभ आएका दुबै जनालाई महाकाली अस्पतालको आइसोलेसनमा राखिएको र उहाँहरुको थ्रोट स्वाब नमूना सङ्कलन गरी परीक्षणका लागि प्रयोगशालामा पठाएको स्वास्थ्य कार्याल्य,कञ्चनपुरका मेडिकल सुपरभाइजर भट्टले बताउनु भयो ।

**इन्सेक बझाङ जिल्ला प्रतिनिधि रमेश केसीका अनुसार** वित्थडचिर गाउँपालिका, केदारस्युँ गाउँपालिका, दुर्गाथली गाउँपालिका, थलारा गाउँपालिका, बुंगल गाउँपालिका र  जयपृथ्वी नगरपालिकालगायतका स्थानीय तहमा ६ सय ८२ जनाको ऱ्यापिड डाइग्नोष्टिक टेस्ट र ७१ जनाको पीसिआर परीक्षण गर्दा सबै जनाको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालय ,बझाङले जनाएको छ ।
जिल्लाको हिमाली क्षेत्रमा पाइने यार्सागुम्बा यस वर्ष  टिप्न नपाइने भएको छ ।  पछिल्लो समयमा विश्वभरी महामारीका रुपमा फैलिएको कोरोना भाइरसका कारण यार्सागुम्बा टिप्न अनुमति दिदा सङ्क्रमण फैलिनसक्ने भएकोले  स्थानीयहरुलाई अनुमती नदिइएको साइपाल गाउँपालीकाका अध्यक्ष राजेन्द्र धामीले बताउनु भयो । यार्सागुम्बा टिपेर छोराछोरीहरुको बढाई खर्च चलाउँदै आएको भए पनि यस वर्ष कोरोना भाइरसका कारण जान नपाउने भएपछि घर चलाउन समस्या हुने साइपाल गाउँपालीकाका स्थानीय बम बहादुर बोहराको भनाइ छ  । साइपाल गाउँपालीका , सुर्मा गाउँपालीका र बुंगल नगरपालीकालगाएतका स्थानीयहरु यार्सागुम्बा टिप्नका लागि प्रत्येकवर्ष वैशाख महिनादेखि हिमाल जाने गर्दथे ।
कारोना भाइरस (कोभिड-१९) को नियन्त्रण तथा रोकथामका लागि सरकारले लागु गरेको लकडाउनका कारण प्रभावित परिवारलाई स्थानीय तहहरुले राहत वितरण गरिरहेका छन् ।

**इन्सेक दार्चुला जिल्ला प्रतिनिधि नरेन्द्र कार्कीका अनुसार** मार्मा गाउँपलिका- ६ का २५ वर्षीय प्रजापति देउरुखी र उहाँ की २२ वर्षीया पत्नी  रेखा बोहरा ट्युबमार्फत महाकाली नदी तरेर वैशाख १२ गते बिहान नेपाल भित्रिएका छन् । उनीहरु महाकाली नगरपालिका नौउडै क्षेत्रबाट नेपाल प्रवेश गरेको महाकाली नगरपालिका विपद शाखा संयोजक भुवन जोशीले जानकारी दिनुभयो । नेपाल आएका दुवै जनालाई महाकाली नगरपालिकाले सदरमुकाम खलंगाको क्वारेन्टाइनमा राखेको छ ।
डेढ महिना अघि धार्चुला ढुंगातोली क्षेत्रमा काम गर्न गएका उनीहरुले महाकाली नदीमा ट्युब तरेर स्वदेश आएको बताएका छन् । आफूहरुलाई  ठेकेदारले ट्युबको व्यवस्थापन गरेर नेपाल पठाएको प्रजापति देउरुखीले बताउनु भयो । लकडाउनका कारण ठेकेदारको काम बन्द भएपछि आफूहरुलाई वैशाख १२ गते बिहानै महाकालीमा ट्युब चलाउने व्यक्ति खोजेर नेपाल पठाएको प्रजापतिको भनाइ छ ।
जिल्लाको लालीको रत्यौडादेखि व्यासको डोकटसम्म सशस्त्र प्रहरी र नेपाल प्रहरी तैनाथ छन् । महाकली नदीमार्फत नेपाली धमाधम स्वदेश आउन थालेपछि सरकारको निर्देशन अनुसार महाकाली नदी किनारै किनारमा पछिल्लो समय सशस्त्र प्रहरी र नेपाल प्रहरीको बाक्लो उपस्थित रहेको भएपनि भारतबाट नेपालीहरु अवैध रुपमा महाकाली नदी तरेर आउने क्रम भने रोकिएको छैन् । रोजगारीको सिलसिलामा भारतका गएका दार्चुला, बैतडी, बझाङ लगायत क्षेत्रका स्थानीयहरु दिनहुँ जसो महाकाली

नदी तरेर नेपाल भित्रिएको जिल्ला प्रहरी कार्यालय दार्चुलाका इन्स्पेक्टर भास्कर चन्दले जानकारी दिनुभयो ।
भारतीय क्वारेन्टाइनबाट भागेर तथा भारतका विभिन्न क्षेत्रमा काम गरेर ट्युब र पौडिएर महाकाली तरेर वैशाख १२ गतेसम्म २ सय २० जना नेपाल प्रवेश गरेका छन् । धार्चुलाका पाँच ओटा क्वारेन्टाइनमा वैशाख १२ गतेसम्म १ हजार ६३ जना व्यक्ति रहेको जिल्ला प्रशासन कार्यालय, दार्चुलाले जनाएको छ ।
व्यास गाउँपालिकाले कोराना भाइरसकाका कारण लकडाउन हुँदा काम गर्न नपाएर खाद्यान्न अभाव झेल्दै आएका वडा नम्बर १ देखि ६ सम्मका १ हजार ८२ घरधुरीलाई खाद्यान्न राहत वितरण गरिरहेको छ । व्यास गाउँपलिका क्षेत्रमा असङ्गठित श्रमिक, गरिब, असहाय, दैनिक ज्यालादारीमा काम गर्ने व्यक्तिलाई दैनिक गुजारा चलाउन राहत वितरण भइरहेको व्यास गाउँपालिकाका कृषि शाखा प्रमुख विशेश्वरप्रसाद बडुले जानकारी दिनुभयो । गाउँपालिकाले वडा नम्बर १ मा ५८ परिवार, वडा नम्बर २ मा १ सय ५७ परिवार, वडा नम्बर ३ मा ७७ परिवार, वडा नम्बर ४ मा १ सय ३० परिवार, वडा नम्बर ५ मा २ सय ९३ परिवार र वडा नम्बर ६ मा ३ सय ५५ परिवारलाई राहत वितरण भइरहेको र वैशाख १२ गते मात्रै गाउँपालिका अध्यक्ष दिलिपसिंह बुढाथोकीको उपस्थितीमा वडा नम्बर ६ का ३ सय ५५ परिवारलाई खाद्यान्न राहत वितरण गरिएका कृषि शाखा संयोजक बडुको भनाइ छ ।
उहाँले भन्नु भयो-' अहिले गाउँपालिकाले पूरा राहत पाउने परिवारलाई ३० केजी चामल, दुई केजी दाल, दुई केजी चिनी, दुई केजी नुन, दुई लिटर तेल, र चार पिस साबुन वितरण भइरहेको छ । यस्तै आधा राहत पाउने परिवारले १५ केजी चामल, एक केजी दाल, एक केजी नुन, एक केजी चिनी, एक लिटर तेल र दुई पिस साबुन वितरण गरिएको छ । आधा राहत पाउनेमा १ सय ३ परिवार छन् भने पूरा राहत पाउने परिवार संख्या ९ सय ७९ रहेका छन् ।'
गाउँपालिकाले सदरमुकाम खलंगाबाट ट्याक्टरमार्फत खाद्यान्न ढुवानी गरेर वितरण गरिरहेको छ । गाउँमा हरेक वडासम्म पुर्‍याउन खच्चडको प्रयोग भइरहेको छ । पूरै गाउँपालिकाभरीको लागि कुल ३० हजार ७ सय २० केजी चामल, २० क्वीन्टल ४९ केजी दाल, २० क्वीन्टल ४९ केजी नुन, २० क्वीन्टल ४९ केजी चिनी, २ हजार ४९ लिटर तेल, र ४ हजार ५८ पिस साबुन वितरण गर्दैछ । हालसम्म गाउँपालिकाले वडा नम्बर १, २, ३, ५ र ६ मा राहत वितरण गरिसकेको छ भने वडा नम्बर ४ मा राहत वितरण बाँकी रहेको जनाइएको छ ।
दुहुँ गाउँपालिका -३ ले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा स्वास्थ्य चेकजाँचसमेत गर्न थालेको छ । नोवेल कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमण फैलिन नदिन तथा उनीहरुको स्वास्थ्य अवस्थाबारे जानकारी लिने उद्देश्यले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा स्वास्थ्य चेकजाँच गर्न थालिएको हो । सामाजिक सुरक्षा भत्ता पाउने सबै व्यक्तिको स्वास्थ्य चेकजाँच गरी औषधिसमेत दिइएको वडा अध्यक्ष लालबहादुर वमले बताउनु भयो । अहिलेको अवस्थामा बैंकमा पठाउन समस्या हुँने भएपछि गाउँपालिका अध्यक्ष पुलेन्द्रबहादुर कार्की, प्रमुख प्रशासकीय अधिकृत महेशबहादुर वमकोसमेत उपस्थितीमा सामाजिक सुरक्षा भत्ता वडा कार्यालयबाट वितरण गरिएको वडा अध्यक्ष वमको भनाइ छ ।
वडा नम्बर ३ का ८० जना जेष्ठ नागरिक, २७ जना जेष्ठ दलित, चार जना पूर्ण अपाङ्ग, चार जना आंशिक अपाङ्ग, ६२ जना एकल महिला र २४ जना दलित बालबालिका गरी कुल २ सय १ जनालाई सामाजिक दुरी कायम गरी सामाजिक सुरक्षा भत्ता वितरण गरिएको गाउँपालिकाले जनाएको छ । दोस्रो चौमासिकको सामाजिक भत्ता अहिले वडा नम्बर ३ बाट सुरु गरिएको प्रमुख प्रशासकीय अधिकृत महेश

वहादुर वमले बताउनुभयो । यसैगरी दुहुँ गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा उनीहरुको स्वास्थ्य चेकजाँच गरी औषधिसमेत वितरण गरिएको स्वास्थ्य संयोजक दिनेश कुमार सिंहले बताउनु भयो ।

**इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी**